# देउमाई नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यबिधि, २०८०

## कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०८।२७

**देउमाई नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**मंगलवारे, इलाम, कोशी प्रदेश नेपाल**

देउमाई नगरपालिका

नगर कार्यपालिका कार्यलय मंगलवारे ईलाम

## देउमाई नगरपालिका खानेपानी तथा सरसफाइ व्यवास्थापन कार्यबिधि, २०८०

कार्यपालिकावाट स्वीकृत मिति : २०८०।०८।२७

देउमाई नगरपालिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी देउमाई नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ । देउमाई नगरपालिका खानेपानी तथा सरसफाइ व्यवस्थापन कार्यबिधि, २०८० देउमाई नगरपालिकामा खानेपानी तथा सरसफाई लाई एकरुपताका आधारमा व्यवस्थित गर्न नगरपालिका क्षेत्रभित्रको पानीको स्रोतलाई व्यवस्थित गर्दै नगरक्षेत्र बाहिरबाट समेत खानेपानीको स्रोत पहिचान तथा समन्वय गरी उपभोक्ताको न्युनतम आधारभुत खानेपानी प्राप्त गर्ने अधिकारलाई उपभोक्तामैत्री बनाउन बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी देउमाई नगरपालिकाको खानेपानी तथा सरसफाई कार्यविधी, २०८० बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधीको नाम "देउमाई खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यविधी, २०८०" रहेको छ।

(२) यो कार्यविधी तुरुन्त लागु हुनेछ।

परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "देउमाई खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यविधी, २०८०" रहेको छ।

२. (२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

३. परिभाषा : विषय वा प्रस्ङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) " ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले देउमाई नगर कार्यपालिकाको कार्यालयलाइ सम्झनु पर्दछ।

(ग) "नगरसभा" भन्नाले देउमाई नगर कार्यपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(घ)" प्रमुख'' भन्नाल देउमाई नगर कार्यपालिकाको प्रमुखलाइ सम्झनु पर्छ।

(ङ) "उपप्रमुख" भन्नाले देउमाई नगर कार्यपालिकाको उपप्रमुखलाइ सम्झनु पछ।

प्रमुख प्रशासकीय अधिकृत

(च) "नगर कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएका उल्लेखित व्यवस्थालाइ सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले देउमाई नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकिय अधिकृतलाइ सम्झनु पर्दछ ।

(ज) "इन्जिनियर" भन्नाले देउमाई नगर कार्यपालिका कार्यालयका इन्जिनियरलाई सम्झनु पर्दछ ।

(झ) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा द्धीकरण गरी विभिन्न विधिबाट उपभोक्तालाई उपलब्ध गराउने कार्यलाई सम्झनु पर्छ । सो शब्दले नगरपालिका क्षेत्रभन्दा बाहिरबाट आपूर्तिको व्यवस्था मिलाइएको अवस्थामा सो समेतलाई जनाउँदछ ।

(ञ) "महसुल" भन्नाले खानेपानी सेवा प्रदान गरे वापत सेवाग्राहीबाट लिन पाउने गरी नगरपालिकाले निर्धारण गरेको महसुल सेवा शुल्क सम्झनु पर्छ । सो शब्दले नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भएको खानेपानी सम्बन्धी अन्य सेवा शुल्क समेतलाई जनाउँदछ ।

(ट) आर्थिक ऐन" भन्नाले देउमाई नगरपालिकाबाट जारी आर्थिक ऐन सम्झनु पर्छ ।

(ठ) "मुहानको क्षेत्र" भन्नाले मुहानबाट १०० मिटर चारैतर्फ भित्रको सिमाना क्षेत्रलाई सम्झनु पर्छ ।

(ड) "उपभोक्ता" भन्नाले देउमाई नगरपालिकाको भौगोलिक क्षेत्रभित्र खानेपानी तथा सरसफाई सेवा उपभोग गर्ने व्यक्ति,निकाय सम्झनु पर्छ ।

## परिच्छेद -२
## मुहानको व्यवस्थापन

३.खानेपानी स्रोतको सार्वजनिक उपयोग हुने :

(१) प्राकृतिक मुहानबाट परापुर्वकाल देखि नै खाईपाई आएको पानीको मुहानको संरक्षण र प्रवर्द्धन गर्ने तथा साबिकको पानीको बाँडफाँडको परिमाण कमी नहुने गरी संचालन गर्ने कार्य सम्बन्धित मुहान रहेको वडा समेतको समन्वयमा नगरपालिकाले गर्नेछ ।

(२) सामुदायिक वन क्षेत्रमा रहेको खानेपानी मुहानलाई वनको हानी नोक्सानी नहुने र थप संरक्षण हुने गरी सामुदायिक वन उपभोक्ता समितिको समन्वयमा सो मुहान तथा जलाधार क्षेत्रको संरक्षण र मर्मत सम्भार गरिनेछ ।

(३) ऐनको दफा १० को उपदफा (१२) बमोजिम खानेपानीको मुहान वा स्रोत रहेका समुदायको सर्वोपरि हितलाई प्राथमिकतामा राखिनेछ । सो स्थानका समुदायलाई आधारभुत खानेपानी नियमित उपलब्ध गराइनेछ । सो गर्दा उपनियम (१) अनुसारको पानी वितरणको व्यवस्था गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपनियम (१), (२) र (३) मा जेसुकै लेखिए तापनि खानेपानी मुहानबाट साबिकमा उपभोग गरिरहेका उपभोक्ताले साबिक बमोजिम खानेपानी उपभोग गर्ने अग्राधिकार सुरक्षित रहनेछ ।

## परिच्छेद -३

## समिति गठन

४. देउमाई नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिम एक समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) ईन्जिनियर एकजना -सदस्य

(ग) योजन शाखा प्रमुख - सदस्य

(घ) खानेपानी प्राविधिक कर्मचारी - सदस्य सचिव

## परिच्छेद - ४

## कर्मचारी व्यवस्थापन

५. कर्मचारीको व्यवस्थापन :

(१) कार्यविधि लागु हुनु अघि नगरपालिका क्षेत्रभित्र खानेपानी प्रणालीमा कार्यरत कर्मचारीहरूलाई साबिकमा खानेपानी प्रणालीमा काम गरेको आधारमा अर्को व्यवस्था नभए सम्म पारिश्रमिक तोकी साबिककै कार्यक्षेत्रमा तोकिएको काममा लगाइनेछ ।

(२) खानेपानी ब्यवस्थापन गर्न आवश्यक करमचारी दरवन्दी नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(३) खानेपानी प्रणाली संचालनका लागि थप आवश्यक वा रिक्त पदमा कर्मचारी भर्ना गर्नुपर्दा क्षमता, दक्षता र नगरपालिकाको आवश्यकताका आधारमा प्रतिस्पर्धा गराई भर्ना गर्न सकिने छ ।

(४) कर्मचारीलाई समितिले प्रचलित कानुन बमोजिम कामको मुल्यांकनको आधारमा पुरस्कृत गर्न वा दण्डित गर्न वा जिम्मेवारीबाट हटाउन सक्नेछ ।

## परिच्छेद -५

### ६. खानेपानीको महसुल सम्बन्धी व्यवस्था :

(१) खानेपानी सेवाको महसुल तथा शुल्क दर खानेपानी प्रदान गरे वापत तपसिल अनुसारको महशुल लिइनेछ ।

(क) १लिटर देखी १०००० लिटर खानेपानी खपत वापत मासिक एकमुष्ठ रु. १५०।–

(ख) प्रति १००० लिटर खानेपानी खपत वापत प्रति १००० लिटर थप रु १०।–

(२) नयाँ धारा जडान तथा पुरानो धारा नवीकरण गर्दा देहाय अनुसारको शुल्क लाग्नेछ ।

(क) नयाँ धारा जडान को लागि नगरपालिकाले उपलब्ध गराएको मिटर मात्र प्रयोग गर्न मिल्ने छ र जडानको लागि रु १६५००।- शुल्क लाग्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(ख) घर विक्री भए पश्चात धारा नामसारी गर्दा रु ५०००।- शुल्क लाग्नेछ।

(ग) नयाँ धारा जडान गर्दा मुलपाईपबाट लाग्ने पाइप खर्च सम्बन्धित लाभग्राहीले व्यहोर्नुपर्ने छ।

(घ) मुलपाइपको समस्याको कारण उपभोक्ताको खानेपानी उपभोगमा समस्या आएमा नगरपालिकाले तुरुन्त मर्मत सम्भार गर्नेछ।

(ङ) औद्योगिक वा संस्थागत धारा जडानमा रु २००००।- जडान खर्च लाग्नेछ। मुलपाईपबाट लाग्ने पाइप खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(च) नयाँ धारा जडान गर्दा एक घर एक धाराको अवधारणमा आधारीत रहेर जडान गरिने छ। विशेष कारणले एक घर मा एक धारा भन्दा बढी धारा जडान गर्नु पर्ने भएमा नगर प्रमुखको सिफारीसको आधारमा जडान गरिने छ।

(छ) धारा धनिको मृत्यू पश्चात धाराको एका घरको ब्यात्तिको नाममा नामसारी गर्नु पर्ने भएमा रु ५०० शुल्क लाग्ने छ।

## परिच्छेद -६

### ७. खानेपानीको महसुल , शुल्क, दस्तुर र जरिवाना तथा सूचना प्रविधीको व्यवस्था सम्बन्धी व्यवस्था :

(१) खानेपानी सेवा उपलब्ध गराए वापत उपभोक्ताबाट उठाइएको महसुल, शुल्क, दस्तुर र जरिवानाको छुट्टै सफटवेयर बनाई एकीकृत दरमा अनलाईन वा अफलाईन दुबै माध्यमबाट संकलन गरिनेछ।

(२) खानेपानी महशुल मासिक रुपमा रिडिङ समाप्त भएको १५ दिन भित्र भुक्तानी गर्नु पर्नेछ। उक्त अवधि समाप्त पश्चात देहाय अनुसार जरिवाना लाग्नेछ।

(क) १५ दिन पश्चात १० % जरिवाना लाग्नेछ।

(ख) १ महिना पश्चात २०% जरिवाना लाग्नेछ।

(ग) २ महिना पश्चात ३०% जरिवाना लाग्नेछ।

(३) मिटर रिडिङ गरेको ९१ दिन अगाडी ५ दिनको सुचना जारी गरी पानीको लाईन काटिनेछ।

(४) कार्वाहीमा परी पुन पानीको मिटर जडान गर्नु पर्ने भएमा पुरानो बक्यैता भुक्तानी गरी नयाँ धारा जडान प्रकृयाका लागि निवेदन दिनुपर्ने छ र जडान गर्दा नया धारा जडान प्रक्रिया अनुसार हुने छ।

## परिच्छेद -७

### ८. धारा नामसारी सम्बन्धी व्यवस्था :

धारा नामसारी गर्नका लागि घर विक्री वितरण भएमा वा धारा धनिको मृत्यू भएमा गर्न सकिन्छ। सो सम्बन्धमा दफा ६ को उपदफा २ ख र छ बमोजिम शुल्क लाग्ने छ।

## परिच्छेद - ८

### ९. पाइप सम्बन्धी व्यवस्था :

(१) जडान विन्दु देखी घर सम्मको सम्पुर्ण पाइप व्यवास्थापन सम्बन्धीत उपभोक्ताले वेहोर्नु पर्नेछ।

## परिच्छेद - ९

### मिटर चुडाए वा तोडफोड गरे वापतको दण्ड सम्बन्धी व्यवस्था :

(१) मिटर चुडाए वा तोडफोड गरे वापत निज उपभोक्ताको मिटर जफत गरी पानीको लाईन काटिनेछ।

(२) उक्त तोडफोड भएको मिटर पुन जडान गर्न निवेदन प्राप्त भएमा पु:न नयाँ जडान प्रकृया अनुसार गरिनेछ। तर सम्बन्धित उपभोक्तावाट त्यस्तो कार्य भएको नदेखिए वा अनुसन्धान गर्दा निजवाट नभएको प्रमाणित भएमा जरिवना नलिई पुन: मिटर जडान गरिनेछ।

(३) विछयाईएका पाइप लगायतको सामाग्रीहरु कसैले हानी नोक्सानी गरेमा हानी नोक्सानी गर्ने व्यक्ति/संस्था वा फर्म वाट उक्त निर्माण कार्य गर्नु पर्नेछ। हानी नोक्सानी भएको जानकारी गराउने कर्तव्य उपभोक्ताको हुनेछ।

आज्ञाले,

हरि बहादुर दहाल

प्रमुख प्रशासकीय अधिकृत